**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०८ जून २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- भारत इन्डोनेसिया बीच नयाँ दिल्लीमा भएको वार्तामा भारतीय विदेश मन्त्रालयले इन्डोनेसिया भारतको पूर्वी कार्यनीतिको एक प्रमुख स्तम्भ भएको बताएको छ।
- राष्ट्रीय स्वास्थ्य प्राधिकरण र पश्चिम बंगाल सरकारले राज्यमा आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजना- एबी पीएम-जेएवाई लागू गर्नका लागि समझौता ज्ञापनमा आज हस्ताक्षर गर्नेछ।
- लोकसभा अध्यक्ष ओम बिरलाले आज चण्डीगढमा कमनवेल्थ पार्लियामेन्टरी एसोसिएशनको तीन दिवसीय जोन-२ अधिवेशनको उद्घाटन गर्नुहुनेछ।
- **राष्ट्रिय परीक्षण एजेन्सीले २१मईमा हुने NEET-UG २०२६ को पुनर्परीक्षाको लागि केन्द्रहरूको सूचना जारी गरेको छ।**
- भुटानमा हिज राति ११ बजेर ६ मिनेटमा ५.८ म्याग्नीच्यूडको भूकम्प गएको छ।

**<u>भारत-इंडोनेशिया</u>**

विदेश मन्त्री डा. सुब्रमन्यम जयशंकर र इन्डोनेसियाका विदेशमन्त्री सुगिओ नोबीच नयाँ दिल्लीमा भएको वार्तामा भारतीय विदेश मन्त्रालयले इन्डोनेसिया भारतको पूर्वी कार्यनीतिको एक प्रमुख स्तम्भ भएको बताएको छ। मन्त्रालयले गहिरो सभ्यतागत सम्बन्धहरूमा आधारित भारत-इन्डोनेसिया विस्तृत रणनीतिक साझेदारी निरन्तर बलियो हुँदै गएको बताएको छ। दुवै नेताहरूले हिजो ८औँ भारत-इन्डोनेसिया संयुक्त आयोगको बैठकको सहअध्यक्षता पनि गर्नुभयो। भेटका क्रममा दुवै नेताले बृहत् रणनीतिक साझेदारीअन्तर्गत द्विपक्षीय सम्बन्धका सबै पक्षको समीक्षा गरेका थिए।

दुवै पक्षले विभिन्न राजनीतिक मुद्दाहरू, रक्षा, सुरक्षा, सामुद्रिक व्यापार सहयोग, व्यापार र लगानी, औषधि, स्वास्थ्य सेवा, डिजिटल प्रविधि, ऊर्जा, यातायात, अन्तरिक्ष, शिक्षा, कन्सुलर मामिला, संस्कृति र जनस्तरको सम्बन्धबारे छलफल गरे।

**Byte**

इन्डोनेसियाका राष्ट्रपति प्रबाओ सुबियाटो र प्रधान मन्त्री नरेन्द्र मोदीबीचको वार्ताले द्विपक्षीय सम्बन्धलाई नयाँ गति दिएको छ।

**<u>पश्चिम बंगाल- आयुष्मान भारत</u>**

पश्चिम बंगाल आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजना- एबी पीएम-जेएवाई लागू गर्ने 36औ राज्य बनन गइरहेको छ। यो विश्वको सबैभन्दा ठूलो सार्वजनिक वित्त पोषित स्वास्थ्य बीमा योजना हो। राष्ट्रीय स्वास्थ्य प्राधिकरण र पश्चिम बंगाल सरकारले राज्यमा एबी पीएम-जेएवाई लागू गर्नका लागि समझौता ज्ञापनमा आज हस्ताक्षर गर्नेछ। इस समझौता ज्ञापन नयाँ दिल्लीमा केंद्रीय स्वास्थ्य र परिवार कल्याण मंत्री जे.पी. नड्डा र पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीको उपस्थितिमा हस्ताक्षर गरिनेछ।यो कदम देशको सबै नागरिकहरुको लागि समान र सुलभ स्वास्थ्य सेवा प्राप्त गर्ने दिशामा एक महत्वपूर्ण कोसेढुंगा हो। यसले गुणस्तरीय र सस्तो स्वास्थ्य सेवामा पहुँच बढाएर राज्यको स्वास्थ्य सेवा प्रणालीलाई पनि बलियो बनाउनेछ।

**<u>बिरला - सीपीए</u>**

लोकसभा अध्यक्ष ओम बिरलाले आज चण्डीगढमा कमनवेल्थ पार्लियामेन्टरी एसोसिएशनको तीन दिवसीय जोन-२ अधिवेशनको उद्घाटन गर्नुहुनेछ। यो सम्मेलन हरियाणा विधानसभाले आयोजना गरेको छ।

सम्मेलनमा राज्यसभाका उपसभापति हरिवंश, हरियाणाका मुख्यमंत्री नायब सिंह सैनी, विधानसभा अध्यक्ष हरविन्द्र कल्याण, देशका 15 विधानसभाका पीठासीन अधिकारी र विधानसभाका सदस्य सहभागी हुनेछन्।

**बिरला सम्मेलन**

लोकसभा अध्यक्ष ओम बिरलाले भन्नु भयो विकसित भारत २०४७ को सपना जनसहभागिता, नवप्रवर्तन, उद्यमशीलता र सामूहिक संकल्पबाट मात्र साकार हुन सक्छ। नयाँ दिल्लीमा आयोजित एक सम्मेलनलाई सम्बोधन गर्दै वहाँले भन्नुभयो विकसित राष्ट्र बन्ने भारतको यात्रा समावेशी विकास, सामाजिक उत्तरदायित्व र सक्रिय नागरिक सहभागिताद्वारा निर्देशित हुनुपर्छ। युवाहरूको भूमिकालाई उजागर गर्दै श्री बिरलाले भन्नुभयो शिक्षित, कुशल र प्राविधिक रूपमा सुसज्जित युवाहरू विकसित भारत २०४७ को सबैभन्दा ठूलो शक्ति हुन्।

**सरकार - वातावरण संरक्षणको १२ वर्ष**

प्रधानमन्त्री नरेन्द्र मोदीको १२ वर्षदेखिको दूरदर्शी नेतृत्वमा, "सबका साथ, सबका विकास, सबका विश्वास, र सबका प्रयास" को सिद्धान्तबाट प्रेरित भएर भारतमा उल्लेखनीय परिवर्तन आएको छ। यस अवधिमा, मोदी सरकारले गरिब, किसान, महिला र युवाहरूको कल्याण र सशक्तिकरणको लागि धेरै महत्त्वपूर्ण कदमहरू चालेको छ। आकाशवाणी समाचारले विगत १२ वर्षमा प्रमुख क्षेत्रहरूमा सरकारको प्रयासहरूको बारेमा विशेष रिपोर्टव ल्याएको छ। वातावरण संरक्षणको लागि सरकारले चालेका कदमहरूको बारेमा यहाँ एक रिपोर्ट छ प्रस्तुत छ ...

**भाजपा राज्यसभा चुनाव**

भारतीय जनता पार्टी (भाजपा) ले राज्यसभा चुनावका लागि उम्मेदवारहरूको अर्को सूची जारी गरेको छ। पार्टीले मध्य प्रदेशबाट महेश केवट र कर्नाटकबाट डा. एम नागराजलाई उम्मेदवार बनाएको छ। पार्टीले कर्नाटक विधान परिषदको चुनावका लागि लिंगराज पाटिल र रघु कौटिल्यलाई उम्मेदवार बनाउने घोषणा गरेको छ।

**NTA - पुनर्परीक्षा**

राष्ट्रिय परीक्षण एजेन्सीले २१मईमा हुने NEET-UG २०२६ को पुनर्परीक्षाको लागि केन्द्रहरूको सूचना जारी गरेको छ। एजेन्सीले जारी गरेको सार्वजनिक सूचना अनुसार, भारतभरिका ५५१ शहरहरू र विदेशका १४ शहरहरूमा दिउँसो २:०० बजेदेखि साँझ ५:१५ बजेसम्म पुन:परीक्षा कलम र कागज मोडमा सञ्चालन हुनेछ। NTA ले स्पष्ट पारेको छ कि परीक्षा शहर जानकारी पर्ची प्रवेश पत्र होइन र उम्मेदवारहरूलाई उनीहरूको परीक्षा केन्द्र शहरको बारेमा जानकारी दिन मात्र जारी गरिएको छ। एजेन्सीले परीक्षासँग सम्बन्धित नवीनतम घोषणाहरू र प्रवेश पत्र जारी गर्नका लागि उम्मेदवारहरूलाई यसको आधिकारिक वेबसाइटहरूमा अद्यावधिक रहन आग्रह गरेको छ। यस वर्ष मेडिकल कोर्सहरूमा भर्नाको लागि NEET-UG परीक्षा ३ मई मा आयोजित गरिएको थियो, तर पेपर लिकको आरोप लागेपछि NTA ले १२ मई मा रद्द गऱ्यो। CBI ले हाल यस विषयमा अनुसन्धान गरिरहेको छ, र पुन:परीक्षा २१ जूनमा हुने तय गरिएको जानकारी प्राप्त भएको छ।

**भूटान-भूकंप**

भुटानमा ५.८ म्याग्नीच्यूडको भूकम्प गएको छ। राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार हिज राति ११ बजेर ६ मिनेटमा भूटानको पुनाखा नजिकै २६ किलोमिटर गहिराईमा भूकम्प गएको हो। त्यसपछि २.८ र २.४ म्याग्निच्युडको भूकम्प गएको थियो।

अहिले सम्म कुनै प्रकारको नुकसान अथवा मानवीय क्षति भएको खबर प्राप्त भएको छैन।भूटानमा आएको भूकंप पछि भारतमा सिक्किम र उत्तर बंगालका केही भागहरुमा पनि भूकम्पको झटका महसूस गरिएको छ। अधिकारिहरुले बताए अनुसार

भूकम्प को झट्का केहि सेकंडसम्म  महसूस गरिएको थियो भने कुनै प्रकारको मानवीय क्षति अथवा  संपत्ति नुकसानको खबर प्राप्त भएको छैन ।सिक्किम राज्य आपदा प्रबंधन प्राधिकरणले  स्थितिको अनुगमन भइरहेको जनाएको छ ।

**नेपाल - कलिंग साहित्य महोत्सव**

नेपालमा, कलिंग साहित्य महोत्सवको चौथो संस्करण काठमाडौँमा सम्पन्न भयो। यसको विषयवस्तु "सीमाभन्दा बाहिर: परिवर्तनशील संसारमा दक्षिण एसियाली साहित्य"  रहेको थियो। नेपाल सहित दक्षिण एसियाभरीका साहित्यिक व्यक्तित्वहरू, लेखकहरू, अनुसन्धानकर्ताहरू र सांस्कृतिक व्यक्तित्वहरूले महोत्सवमा भाग लिएका थिए।
दक्षिण एसियाली साहित्य, संस्कृति र विचारहरूको आदानप्रदानलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको यस महोत्सवले क्षेत्रीय संवाद, सांस्कृतिक संलग्नता र बौद्धिक सहयोगलाई सुदृढ पार्न एक मञ्च प्रदान गरेको  छ ।